अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः २३/०७७

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७७/१२/२५

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्रकुमार खाम्याहाङ्ग | |
| अधिकृत छैठौं | श्री चुडामणी निरौला | |
| सहायक चौथो | श्री खोजर कटुवाल | |

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा, नेपाल

*मिति २०७७/१२/२४ गतेको अर्जुनधारा नगर कार्यपालिका बैठकका निर्णयहरु*

मिति २०७७ साल चैत्र २४ गते मङ्गलबार बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको २३/२०७७/२०७८ को बैठकबाट देहाय बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. मिति २०७७/१२/१३ गते बसेको अघिल्लो नगर कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२. क. यस नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलनका लागि भूमि सम्बन्धि समस्या समाधान आयोगबाट निर्धारित समय सीमा मिति २०७७/१२/२३ गते समाप्त भएको सन्दर्भमा तोकिएको समयसीमा भित्र संकलन भएका फारामहरुमा वहाल भिटौरीको रसिद वा अन्य कुनै कागजात छुटेको भए सो समेत संकलन गरी मिति २०७८ बैसाख ६ गते गते भित्र रुजु गरी कार्यालयको तथ्यांक संकलन इकाईमा पठाउन सबै वडा कार्यालयहरुमा निर्देशन दिने र रुजु सम्पन्न भई आएका वडाहरुमा जग्गा नाँपजाँचका लागि प्राविधिक अमिन खटाउने निर्णय गरियो ।

ख. अव्यवस्थित बसोवासीको फाराम भरेका व्यक्तिहरुले फाराममा उल्लेख गरे अनुसारका जग्गामा सधियारको सहमति र सहभागिता समेतमा साँध सिमाना (चारकिल्ला) पछि प्राविधिकबाट नापँजाँच हुंदा सहज हुने गरी स्वयंले भोग गरेको क्षेत्र यकिन गरी पछि सम्म फरक नपर्ने गरी चिन्ह लगाई राख्न सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय गरियो ।(विवरण संकलन इकाई/ वडा कार्यालयहरु)

ग. कार्यालयको विवरण तथा तथ्यांक संकलन इकाईका लागि ६ जना अमिनको छनौट प्रक्रिया अघि बढाउन र नापी कार्यालय, झापासँग समन्वय गरी प्राविधिकहरुबाट हाल कार्यालयमा रहेका प्राविधिक अमिनहरुलाई अभिमुखिकरण गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन बमोजिम यस अर्जुनधारा नगरपालिकाको मूल्यांकन प्रतिवेदन पेश भए बमोजिम सार्वजनिकिकरणका लागि स्विकृत गरी उक्त प्रतिवेदनलाई आगामी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।(लिजा सम्पर्क शाखा)

४. नेपाल सरकारबाट सशर्त अनुदानको रुपमा LMBIS मार्फत स्थानीय तह खेलग्राम निर्माण गर्नका लागि प्राप्त बजेट रु २५ लाखबाट तोकिएको शर्त अनुसार ३० प्रतिशत बापतको लागत सहभागिताको रकम नगरपालिकाको चालु आ.व. २०७७/०७८ को समपूरक कोषबाट व्यहोर्ने गरी गत वर्ष निर्माण भई अधुरो रहेको अर्जुनधारा खेलमैदान, वडा नं ७ मा खेलकुद कार्यक्रम सञ्चालन हुने गरी खेलमैदानको स्तरोन्नति अन्तर्गत बेस/सव बेस (मैदान सम्याउने कार्य, गोल पोस्ट निर्माण कार्य, कार्यालय भवनको बाँकी रहेको कार्य, फर्निचर आदिको कार्य) गर्ने प्राथमिकता निर्धारण गरी गरी ल.ई बनाई सेवा खरिद प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(योजना/आर्थिक प्रशासन शाखा)

५. मिति २०७७/१२/२३ गते बसेको नगर कार्यपालिकाको कार्यालयमा बसेको सर्वपक्षीय बैठकबाट भएको निष्कर्ष अनुसार अर्जुनधारा नगरपालिकाकै मुख्य समस्याको रुपमा रहेको बिरिङ्ग नदी प्रणाली अन्तर्गतका नदीहरुको व्यवस्थापनका नेपाल सरकार, अर्थ मन्त्रालयबाट अनुमानित रु ३,१८,७४,४८,९०८/- (तीन अर्ब अठार करोड चौरहत्तर लाख अड्चालीस हजार नौ सय आठ) बराबरको कार्यक्रम संघीयं सरकारको कार्यक्रममा समावेश हुन अनुरोध गर्ने निर्णय गरियो, ।(योजना शाखा)



२४/१२/२०७७

हरी कुमार राना मगर
नगर प्रमुख

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा, नेपाल

मिति २०७७/१२/२४ गतेको अर्जुनधारा नगर कार्यपालिका बैठकका निर्णयहरु

६. अर्जुनधारा नगरपालिका वडा नं ५ मा पोखरी निर्माणका लागि अर्जुनधारा नगरपालिका वडा नं ५ बस्ने श्री नारायण खड्का र गोपाल थापा समेतको निवेदनका आधारमा संक्षिप्त वातावरणीय अध्ययनका लागि ToR स्वीकृत गर्ने निर्णय गरियो ।(योजना शाखा)

७. यस नगरपालिकाको चालु आ.व.२०७७/०७८ स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरुको योजना सञ्चालनको म्याद थपका लागि पेश भए बमोजिम साविकमा तोकिएको म्यादमा १ महिना समयावधि थप गरी योजना कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।साथै, यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को उपभोक्ता समिति मार्फत सञ्चालन हुने स्वीकृत योजनाहरुको सम्झौता गर्नका लागि २०७७ चैत्र मसान्त सम्मका लागि म्याद तोकिएकोमा हाल सम्म सम्झौता नभएका आयोजनाहरुको सम्झौता गर्न २०७८ बैसाख १५ सम्मको समयसिमा तोक्ने निर्णय गरियो । (योजना शाखा)

क. बाटो मर्मत तथा स्तरोन्नति, अर्जुनधारा-१ ।

ख. शाकम्भरी संरक्षण तथा सम्वर्द्धन, अर्जुनधारा-१ ।

८. यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका शिक्षकहरुको दरबन्दी मिलान सम्बन्धमा कार्यालयको शिक्षा शाखाबाट पेश भए बमोजिम देहाय बमोजिम कुल दरबन्दी कायम हुने गरी दरबन्दी मिलान विवरण स्वीकृत गर्ने र सोको कार्यान्वयनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(शिक्षा शाखा)

| क्र.सं. | तह | विद्यार्थी संख्या | मौजुदा दरबन्दी | कायम दरबन्दी | पुल दरबन्दी | थप दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | प्राथमिक तह | २७२१ | १७९ | १३१ | ५३ | ५ |
| २ | निम्न माध्यमिक | २१६२ | ४२ | ७६ | ० | ३४ |
| ३ | माध्यमिक तह | १३८१ | ३८ | ५५ | १ | १८ |
| ४ | माध्यमिक तह (११-१२) | १०३३ | ६ | १२ | ० | ६ |

९. अर्जुनधारा नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधिमा सामयिक संशोधन तथा परिमार्जन गर्नका लागि प्रस्ताव तयार गरी पेश गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(कर्मचारी प्रशासन शाखा)

१०. यस अर्जुनधारा नगरपालिकाको नगर सभा लगायत महिला, आदिवासी-जनजाति, दलित, सिमान्तकृत वर्ग उत्थानसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि सभा हल निर्माण गर्नु आवश्यक रहेको सन्दर्भमा यस नगरपालिकाको आठौं नगर सभाबाट १ नं प्रदेश सरकारको समपुरक कोष अन्तर्गत यस नगरपालिकामा **नगर सभाहल निर्माण आयोजना** प्रस्ताव गरी पठाउने निर्णय बमोजिम उक्त आयोजना प्रस्ताव गरी पठाउने निर्णय गरियो ।(योजना शाखा)

हरी कुमार राना मगर
नगर प्रमुख

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
नेपाल

*मिति २०७७/१२/२४ गतेको अर्जुनधारा नगर कार्यपालिका बैठकका निर्णयहरु*

११. अर्जुनधारा नगरपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७४ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।(कर्मचारी प्रशासन शाखा)

| क्र.सं. | दफा | साविक व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १ | ४ को उपदफा १ | ...... कम्तिमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ । | .....कम्तिमा ७ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ । |

१२. यस नगरपालिकाबाट कोभिड १९ प्रकोपको समयमा अर्जुनधारा नगरपालिका वडा नं ८ स्थित शनिश्चरे माध्यमिक विद्यालयमा क्वारेन्टिन सेण्टर सञ्चालन गरिएकोमा क्वारेन्टिन सञ्चालन भएको अवधि यकिन गरी उक्त अवधिको खानेपानी तथा विद्युत महशुल नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(आर्थिक प्रशासन शाखा)

१३. अर्जुनधारा नगरपालिकाको सहकारी ऐन, २०७७ कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको अर्जुनधारा नगरपालिकाको सहकारी नियमावली, २०७७ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।(सामुदायिक विकास शाखा)

१४. मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालले यस नगरपालिकामा सञ्चालन गरेको सर्ने नसर्ने रोग सम्बन्धि कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन अनुमोदन गरी विनियोजित बजेट भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(आर्थिक प्रशासन शाखा)

१५. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत लिला वनको घर छेउमा भुक्षय नियन्त्रणका लागि विनियोजित बजेट रु २ लाख ५० हजारबाट २५ प्रतिशत रकम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ बमोजिम लक्ष्मीपुर चोक हाइवे उत्तरको बाटो, प्रगति मार्ग र मुसिचोकबाट दक्षिणतर्फको बाटो मर्मत सम्भार योजनामा रकमान्तर गर्ने निर्णय गरियो ।

२४/१२/२०७७

हरी कुमार राना मगर
नगर प्रमुख